

# प्रेममा साँचो बोल्दै



भल्यूम १ "प्रेममा साँचो बोल्दै हामी सबै कुराहरूमा उहाँसम्म बढौं, जो शिर हुनुहुन्छ" - एफेसी ४:१५ अंक १३


"जसको मन तपाईंमा अडेसिएर बसेको हुन्छ, उसलाई तपाईंले शान्ति नै शान्तिमा जोगाइराख्नुहुनेछ; किनकि उसले तपाईंमाथि भरोसा राख्दछ। परमप्रभुमाथि तिमीहरूले सदासर्वदा भरोसा राख; किनकि प्रभु यहोवामा अनन्त बल छ।"

- यशैया २६:३-४

## एक आगन्तुक

एक दिन दिउँसो ढलाइ कारखानामा सबै कामदारहरू काममा व्यस्त थिए। अचानक एउटा आगन्तुक आयो। उसलाई आएको कसैले देखेन, गएको कसैले सुनेन। तर ऊ गएपछि सबै स्तब्ध भए, किनकि एक जना सहकर्मी कुनै शब्द नै नबोली भुइँमा निर्जीव भई ढलेका थिए। त्यो मौन आगन्तुक **मृत्यु** थियो। ऊ अचानक बोलाउन आयो—त्यस मानिसको काम सकिएको छ कि छैन, वा ऊ जान तयार छ कि छैन भनेर सोध्न पनि उसले आवश्यक ठानेन।

- Fellowship

*"अनि जसरी मानिसहरूका निम्ति एकपल्ट मरण र त्यसपछि न्याय नियुक्त गरिएको छ।" - हिब्रू ९:२७*

जति धेरै समय हामी आफ्ना दुर्दशाहरूमा अल्झिरहन्छौं, तिनले हामीलाई नष्ट गर्ने शक्ति त्यति नै बढ्दै जान्छ।



*"हे सबै थाकेका र भारीले दबिएकाहरूहो, मकहाँ आओ, अनि म तिमीहरूलाई विश्राम दिनेछु।" मत्ती ११:२८*

## मुक्ति पाउने उपाय

**मुक्ति** पाउनु भनेको परमेश्वरले येशू ख्रीष्टद्वारा **तपाईंलाई** पापबाट छुटकारा दिनु हो।

- **तपाईंलाई** मुक्ति चाहिन्छ! किनकि: "सबैले पाप गरेका छन् र परमेश्वरको महिमारहित हुन गएका छन्" (रोमी ३:२३)
- पापको परिणामबारे परमेश्वर यसरी घोषणा गर्नुहुन्छ: "...पाप पूरा बढाइएपछि त्यसले मृत्यु उत्पन्न गराउँछ।" (याकूब १:१५)
- **तपाईंले** नबुझेको भए पनि परमेश्वर **तपाईंलाई** प्रेम गर्नुहुन्छ। "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो कि उहाँले आफ्नो एकमात्र जन्माइएको पुत्रलाई दिनुभयो--उहाँमाथि विश्वास गर्ने कोही पनि नष्ट नहोस् तर उसले अनन्त जीवन पाओस्।" (यूहन्ना ३:१६)
- परमेश्वरका अनन्त पुत्र येशू ख्रीष्ट **तपाईंका** लागि मर्नुभयो। "हामी पापहरूका निम्ति मरेर धार्मिकताका निम्ति बाँचौं भनेर उहाँ आफैले (ख्रीष्टले) आफ्नो शरीरमा हाम्रा पापहरू क्रूसमाथि बोक्नुभयो।" (१ पत्रुस २:२४)
- मुक्ति पाउन **तपाईंले** ख्रीष्टलाई ग्रहण गर्नुपर्छ। "तर जति जनाले उहाँलाई ग्रहण गरे, तिनीहरूलाई उहाँले परमेश्वरको सन्तान हुने अधिकार दिनुभयो; अर्थात् तिनीहरूलाई, जसले उहाँको नाममा विश्वास गर्दछन्।" (यूहन्ना १:१२)

## "तिमीहरूलाई बोलाउनुहुने विश्वासयोग्य हुनुहुन्छ..."

*१ थेस्सलोनिकी ५:२४*

हामी यस संसारमा सुरक्षित भएको आनन्द लिन सक्छौं। त्यो यस्तो उच्च र महिमामय सुरक्षा होइन जसले हामीलाई हरेक गल्ती वा चुकाइबाट पूर्ण रूपमा बचाउँछ। तर यो त्यस्तो पवित्र सुरक्षा हो, जुन येशूको यस निश्चित प्रतिज्ञामा आधारित छ—उहाँमाथि विश्वास गर्ने कोही पनि कहिल्यै नष्ट हुनेछैन, तर उहाँ जहाँ हुनुहुन्छ त्यहीँ उहाँसँग रहनेछ। त्यसैले साँचो विश्वासी अन्तसम्मै विश्वासमा स्थिर रहन्छ भन्ने सत्यतामा हामी बारम्बार आनन्दसाथ मनन गरौं, र परमेश्वरप्रति पवित्र भरोसा राखेर उहाँको विश्वासयोग्यतालाई सम्मान गरौं।

हाम्रा परमेश्वरले ख्रीष्ट येशूमा तपाईं सुरक्षित हुनुहुन्छ भन्ने कुरा तपाईंको हृदयमा गहिरो गरी महसुस गराइदिनुहोस्। उहाँले तपाईंलाई यस कुरामा निश्चिन्त गरून् कि तपाईंको नाम उहाँको हातमा कुँदिएको छ, र तपाईंको कानमा यो प्रतिज्ञा मधुर स्वरमा भनून्—"नडराऊ, म तिम्रो साथमा छु।"

- चार्लस् हाडन स्पर्जन

© 2026 WORDOFTRUTH.COM.NP

# परमेश्वरले संसारमा के गर्दै हुनुहुन्छ?

अध्याय ४ [४ मध्ये भाग १]

## संघर्ष: बेबिलोनको निर्वासनदेखि ख्रीष्टको स्वर्गारोहणसम्म

### बेबिलोनको निर्वासन

जब यहूदीहरू बेबिलोनमा बन्दी बनाइए, शैतानले फेरि आक्रमण गऱ्यो। नबूकदनेसरले आफ्ना सबै प्रजाले आफैले खडा गराएको मूर्तिलाई ढोग्नुपर्छ भनेर आदेश जारी गऱ्यो (दानिएल ३:१–७)। यदि यहूदीहरूले यस आदेशको पालन गरेका भए, परमेश्वरका जनहरू फेरि सत्यत्यागमा संलग्न हुने थिए। परमेश्वरले यस शैतानी चालको सामना गर्नुभयो। राजाको आज्ञा पालन गर्न अस्वीकार गर्ने पहिलो यहूदीहरू—तीन युवा शद्रक, मेशेक र अबेदनेगो—लाई सजायस्वरूप आगोको भट्टिमा फ्याँकिँदा परमेश्वरले तिनीहरूलाई आश्चर्यपूर्ण रीतिले जोगाउनुभयो (दानिएल ३:८–२७)। यसको परिणामस्वरूप, यहूदीहरूलाई परमप्रभु बाहेक अरू कसैको आराधना गर्नुपर्ने कुनै बाध्यता रहेन (दानिएल ३:२८–३०)।



*आगोको भट्टीमा परमेश्वरले तीन यहूदी युवालाई जोगाउनुभयो*

परमेश्वरले यहूदालाई अनुशासन गर्न बेबिलोनलाई प्रयोग गर्ने आफ्नो उद्देश्य पूरा गरिसक्नुभएपछि, उहाँलाई अब आफ्ना कामका लागि बेबिलोनको आवश्यकता रहेन। बेबिलोनको निर्वासनको अन्त्य नजिकिँदै गर्दा, ईसा पूर्व ५३६ मा बेबिलोन अचानक मादी–फारसको अधीनमा पऱ्यो (दानिएल ५)। यशैया ४४:२८; ४५:१ को भविष्यवाणी पूरा गर्दै, फारसका राजा कोरेसले ईसा पूर्व ५३८ वा ५३७ मा एक आदेश जारी गरे, जसद्वारा यहूदीहरूलाई मन्दिर पुनर्निर्माण गर्न आफ्नो भूमिमा फर्किन अनुमति प्रदान गरियो। यस आदेशसँगै यहूदीहरूको बेबिलोनको निर्वासनको अन्त्य भयो।

### फारसी काल

निर्वासन समाप्त भएपछि अधिकांश यहूदीहरू बेबिलोनमै बसिरहन चाहन्थे। तथापि, करिब ५०,००० जना भने जरूबाबेल र येशूअको नेतृत्वमा यहूदामा फर्किए (एज्रा १–२)। आफ्नै भूमिमा आइपुगेपछि फर्किएका यहूदीहरूले वेदी निर्माण गरे र व्यवस्थामा निर्दिष्ट गरिएका चाडपर्वहरू तथा बलिदानहरू पुनः सुरु गरे (एज्रा ३:१–७)। फर्किएको दोस्रो वर्षमा उनीहरूले मन्दिर पुनर्निर्माण गर्न थाले (एज्रा ३:८–१३)। यही चरणमा शैतानले फेरि आक्रमण गऱ्यो।

परमेश्वरलाई आराधना गर्ने स्थायी स्थान नहुँदा यहूदीहरूलाई सत्यत्यागतर्फ लैजान सजिलो हुने भएकाले शैतानले मन्दिरको पुनर्निर्माण रोक्न चाह्यो। यहूदीका शत्रु सामरीहरूले मन्दिर पुनर्निर्माणको यति कडा विरोध गरे कि कम्तीमा सोह्र वर्षसम्म सबै निर्माणकार्य बन्द रह्यो (एज्रा ४:१–५, २४)। परमेश्वरले यस शैतानी योजनालाई विफल पार्न दुई अगमवक्ता— हग्गै र जकरिया—लाई उठाउनुभयो, जसले मानिसहरूलाई मन्दिर पुनर्निर्माणको कामलाई पूरा गर्न उत्साहित गरे। फलस्वरूप, ई.पू. ५२० मा निर्माणकार्य फेरि सुरु भयो (एज्रा ५:१–२)।

यहूदीहरूका थप शत्रुहरूले फारसका राजा दारा प्रथमलाई पत्र पठाएर शैतानले फेरि निर्माणकार्य रोक्ने धम्की दियो (एज्रा ५:३–१७)। परमेश्वरले यस योजनालाई राजामार्फत विफल पार्नुभयो। दाराले मन्दिरसम्बन्धी कोरेस महानको आज्ञापत्र फेला पारे, अनि यहूदीहरूका शत्रुहरूलाई निर्माणकार्यमा हस्तक्षेप नगर्न मात्र होइन, मन्दिरका लागि आवश्यक सामग्रीसमेत उपलब्ध गराउन आदेश दिए। दाराले यस कार्यमा बाधा पुऱ्याउने जो–कोहीलाई मृत्युदण्ड दिने चेतावनी पनि दिए (एज्रा ६:१–१२)। यसरी, यहूदीहरूले ई.पू. ५१६ मा मन्दिरको निर्माणकार्य पूरा गरे (एज्रा ६:१३–१६)।

राजा अहासूरस (ई.पू. ४८६–४६५) को शासनकालमा शैतानले उद्धारकर्ता आउने जातिलाई नै नष्ट गर्ने अर्को प्रयास गऱ्यो। फारसका प्रधानमन्त्री हामानले राजालाई मनाएर निश्चित दिनमा सबै यहूदीहरूलाई मार्नुपर्ने आदेश जारी गरायो (एस्तर ३:७–

१५)। परमेश्वरले यस आक्रमणलाई विफल पार्दै राजाबाट अर्को आदेश जारी गराउनुभयो, जसले तोकिएको दिनमा यहूदीहरूलाई आफ्नै रक्षा गर्न अनुमति दियो (एस्तर ४–६)। यसरी परमेश्वरका मानिसहरू सुरक्षित राखिए।

शैतान भूमिमा रहेका यहूदीहरूलाई फेरि सत्यत्यागमा फसाउन दृढ थियो। धेरै शताब्दीअघि इस्राएली पुरुषहरूले विदेशी, मूर्तिपूजक स्त्रीहरूसँग विवाह गर्दा इस्राएल व्यापक रूपमा सत्यत्यागमा परेको थियो; त्यसैले उही तरिका फेरि सफल हुन सक्छ भन्ने ठानियो। व्यवस्थाको उल्लङ्घन गर्दै धेरै यहूदी पुरुषहरूले—मन्दिरका पूजाहारीहरू र राजनीतिक अगुवाहरू समेत—विदेशी, मूर्तिपूजक स्त्रीहरूसँग विवाह गरे। यी निषेधित सम्बन्धहरूले यहूदीहरूलाई पुनः मूर्तिपूजामा डोऱ्याए (एज्रा ९:१–२)। परमेश्वरले यस नयाँ सत्यत्यागको फैलावटलाई रोक्न ई.पू. ४५८ मा एज्रालाई फारसका राजा अर्तक्जर्जेस प्रथमको आदेशसहित यहूदामा पठाउनुभयो। उक्त आदेशले यरूशलेममा केन्द्रीय शासन स्थापना गर्न, भूमिमा रहेका यहूदीहरूलाई परमेश्वरको व्यवस्था सिकाउन, र त्यसलाई पालन गर्न अस्वीकार गर्नेहरूलाई दण्ड दिन एज्रालाई अधिकार दियो (एज्रा ७)। एज्राले यहूदी पुरुषहरूलाई आफ्नो पापको पश्चात्ताप गर्न र आफ्ना मूर्तिपूजक पत्नीहरूलाई परित्याग्न आदेश दिए (एज्रा १०)। यसरी, सत्यत्यागको फैलावट रोकिन पुग्यो।

ई.पू. ४४५ मा नहेम्याहले अर्तक्जर्सेस प्रथमबाट यरूशलेमका पर्खालहरू पुनर्निर्माण गर्न अनुमति र सहयोग दिने आदेश प्राप्त गरे। पर्खालहरू भत्किएको अवस्थामै रहँदा भूमिमा रहेका यहूदीहरू ठूलो दुःख र अपमानमा परिरहेका थिए; त्यसैले पर्खालहरू भत्किएकै अवस्थामा रहनु शैतानका लागि लाभदायक थियो। यसकारण यहूदीहरूका शत्रुहरूले उपहास र सशस्त्र आक्रमणको धम्कीमार्फत पर्खाल पुनर्निर्माण रोक्ने प्रयास गरे। तर परमेश्वरले नहेम्याहलाई प्रयोग गरी यहूदीहरूलाई हातमा हतियार लिएरै निर्माणकार्य गर्न उत्प्रेरित गर्नुभयो। त्यसपछि शत्रुहरूले नहेम्याहलाई हटाउन षड्यन्त्र र जाल बिछाए, तर परमेश्वरले उनलाई ती चालहरूबाट जोगिन बुद्धि दिनुभयो। यसरी, पर्खालहरू बाउन्न दिनमै पुनर्निर्माण भए (नहेम्याह १–७)।

शैतानले आफ्नो प्रयास निरन्तर जारी राख्यो। केही समयपछि मूर्तिपूजक मानिसहरूलाई भूमिमा यहूदीहरूसँगै बस्न अनुमति दिइयो; पहिलेका एक मूर्तिपूजक शत्रुलाई मन्दिरकै एक कोठामा बस्न दिइयो;



*नहेम्यायले यरूशलेमको पर्खाल पुनर्निर्माण गरे*

यहूदीहरूले दशांश दिन छोडे, जसका कारण मन्दिरका सेवकहरू सेवा त्यागेर जान बाध्य भए र मन्दिर उजाडजस्तै बन्यो; व्यापारीहरूलाई यरूशलेममा विश्रामदिनमा व्यापार गर्न दिइयो, जसले विश्रामदिनलाई अपवित्र तुल्यायो; यहूदी पुरुषहरूले फेरि मूर्तिपूजक स्त्रीहरूसँग विवाह गरे; मानिसहरूले परमेश्वरलाई दोषयुक्त बलिदान अर्पण गरे; पूजाहारीहरूले आफ्नै आचरणद्वारा परमेश्वरको अपमान गरे; यहूदी पुरुषहरूले आफ्ना पत्नीहरूलाई सम्बन्धविच्छेद गरे; र जनताले खराबलाई असल भने तथा परमेश्वरको सेवा गर्नु व्यर्थ छ भन्ने निष्कर्ष निकाले (नहेम्याह १३; मलाकी)। परमेश्वरले यी सबै दुष्प्रवृत्तिहरूको सामना अगमवक्ता मलाकीको प्रचारद्वारा र नहेम्याहले लागू गरेका सुधारहरूद्वारा गर्नुभयो।

साभार: What On Earth Is God Doing by Renald Showers

*(क्रमशः आगामी अंकमा)*

## प्रचार गर्नेहरूका लागि सल्लाह

महान् बन्ने प्रयास कहिल्यै नगर्नुहोस्; यस्तो प्रयासले तपाईंलाई झन् सानो बनाउँछ। यदि महानता तपाईंको भागमा आउनु छ भने, त्यो तपाईंलाई थाहा नै नहुने गरी आउनेछ। विगतका मोराभियन विश्वासीहरू यसरी प्रार्थना गर्थे—"दयालु प्रभु, महान् बन्ने दुःखदायी चाहनाबाट मलाई बचाउनुहोस्।" यदि प्रचारकको रूपमा आफ्नो क्षमता देखाएर आफैंमा गर्व गर्ने प्रवृत्ति छ भने, यसलाई आफ्नो दैनिक प्रार्थना बनाउनुहोस्।

- Ian Macpherson

## असावधान युवा

*“धन्य हो त्यो मानिस, जो भक्तिहीनहरूको सल्लाहमा हिँड्दैन, न पापीहरूको बाटोमा उभिँदछ, न ता गिल्ला गर्नेहरूको आसनमा बस्दछ।” (भजनसंग्रह १:१)*



ऊ संसारमा निस्कँदा त्यसका पासा र खतराहरूबारे अनभिज्ञ हुन्छ। उसलाई सबै कुरा जस्तो देखिन्छ, त्यस्तै नै हुन्छ जस्तो लाग्छ। चारैतिर उसले त्यस्ता साथीहरू भेट्छ, जो उसको भलाइका लागि समर्पित भएको दाबी गर्छन्, र उसले तिनीहरूलाई विश्वास गर्छ। यस्ता दाबीहरूकै कारण तिनीहरूले उसमाथि प्रभाव जमाउँछन्—त्यस्तो प्रभाव, जसलाई हटाउने शक्ति पनि उससँग हुँदैन र हटाउने इच्छा पनि हुँदैन।

आमाबाबु र अगुवाहरूले उसलाई खराब साथीसँग नहिँड्न बारम्बार चेतावनी दिन्छन्: “बाहिर मीठो होला, तर भित्र खोटो हुन्छ।” “होशियार! समृद्धिको याममा रंगीबिरंगी परवेटा फर्फराउँदै सुन्दर देखिने पुतली विपत्तिको कठोर चिसो लागेपछि हराएर जान्छ।”

तर आफूलाई बलियो ठानेर बहकाउमा नपर्ने जस्तो सोच्दै, उसले यो असल सल्लाहलाई बेवास्ता गर्छ र आफ्ना युवा साथीहरूको सल्लाह सुन्न थाल्छ। त्यसपछि तिनीहरूले उसको विनाशको काम सुरु गर्छन्। सायद पहिले तिनीहरूले उसको मनमा आत्मिक कुराहरू, मण्डली, र त्यसका कर्तव्य र आशिषप्रति तिरस्कार जगाउन खोज्छन्। यसरी एक-एक पाइला गर्दै ऊ तिनीहरूको जालमा फस्दै जान्छ, र अन्ततः कुनै घातक क्षणमा आफ्नो असल चरित्र गुमाउँछ। (हेर्नुहोस् १ कोरिन्थी १५:३३)।

यसकारण, हे युवा, एकछिन रोकिएर विचार गर। परमेश्वरका कुराहरूको खिल्ली उडाउनेहरूसँग कहिल्यै संगत नगर—चाहे वास्तविक जीवनमा होस् वा अनलाइन संसारमा। तिनीहरू यस जीवनमा तिम्रो सबैभन्दा बलियो सुरक्षा नष्ट गर्न र आउने जीवनका लागि तिम्रो एउटै आशा समेत खोस्न चाहन्छन्।

- JFH बाट संशोधित रूप

*के तपाईंलाई आत्मिक सहायता चाहिएको छ? यो सानो पत्रिका उपलब्ध गराउने निम्नोल्लेखित मित्रहरूले तपाईंलाई खुशीसाथ सहायता गर्न चाहनुहुनेछ। संकोच नमानी सम्पर्क गर्नुहोला। — सम्पादक*

## आत्मिक खाँचो सबैभन्दा महत्त्वपूर्ण

धेरै बाबुआमा कामधन्दा र भौतिक कुराहरूमा यति व्यस्त हुन्छन् कि आफ्नै आत्मिक खाँचो र आफ्ना छोराछोरीका आत्मिक खाँचोका लागि बाइबल पढ्न वा त्यसमा मनन गर्न तिनीहरूले थोरै वा कुनै समय नै निकाल्दैनन्। फलस्वरूप, आफ्नै व्यवहारद्वारा तिनीहरूले छोराछोरीमा यस्तो छाप पार्छन् कि भौतिक कुराहरू नै सबैभन्दा महत्त्वपूर्ण हुन् र आत्मिक कुराहरूको खासै मूल्य छैन। यस्तो अवस्थामा ती छोराछोरी संसारिक सोच राख्ने र परमेश्वरको वचनप्रति खासै रुचि नराख्ने बन्छन् भने अचम्म मान्नु पर्ने कुरा के छ र? हामी आफ्ना छोराछोरीका भौतिक खाँचो पूरा गर्न र यस वर्तमान संसारमा अगाडि बढ्न यति व्यस्त हुन्छौं कि तिनीहरूको आत्माको सबैभन्दा महत्त्वपूर्ण खाँचोलाई बिर्सन्छौं। त्यसैले आत्मिक कुराहरूमा तिनीहरूसँग बस्ने र समय बिताउने काममा हामी थोरै वा कुनै समय नै दिँदैनौं। यसरी गर्नु भनेको छोराछोरीलाई प्रभुको अनुशासन र चेताउनीमा पालन-पोषण गर्नु होइन।

हामीले आफ्ना छोराछोरीसँग परमेश्वरको वचन पढ्न, तिनीहरूसँग प्रार्थना गर्न, सृष्टिका कुराहरू र दैनिक घटनाहरूबाट आत्मिक पाठ सिकाउन, र उचित समयमा तिनीहरूको आत्माका लागि चाहिने वचन दिन समय निकाल्नै पर्छ। यदि हामी तिनीहरू उद्धार पाऊन् र हाम्रा प्रभु येशू ख्रीष्टको अनुग्रह र ज्ञानमा बढ्दै जाऊन् भन्ने चाहन्छौं भने, हामीले आफ्नो कर्तव्य पूरा गर्दै तिनीहरूलाई परमेश्वरको वचनले पालन-पोषण गर्नुपर्छ।

*“अनि हे बाबुहरूहो, आफ्ना छोराछोरीहरूलाई रिस नउठाऊ; तर प्रभुको अनुशासन र चेताउनीमा तिनीहरूको पालन-पोषण गर” (एफेसी ६:४)।*

- R.K. Campbell

## बाइबल शिक्षकको प्रार्थना

हे प्रभु, यी बालबालिकालाई म कसरी सिकाउन सक्छु<br>
यदि तपाईंले पहिले मलाई नै सिकाउनुभएन भने?<br>
म कसरी तिनीहरूलाई आज्ञाकारी हुन भनूँ,<br>
यदि म आफैं नै सजिलै बहकिन्छु भने?<br>
हे प्रभु, म कसरी तिनीहरूको हृदय छुने,<br>
यदि मेरो हृदय नै कठोर र चिसो छ भने?<br>
यसकारण, तिनीहरूले ममा तपाईंको जीवन देखून्;<br>
मैले सुनाएको बाइबलको कथा मात्र होइन।

- Wava Campbell